श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारको मिति २०३७।८।५ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. प्रथम श्रेणी, काठमाडौं उपत्यका नगर विकास समितिको सह-श्रृंखलाधीश श्री तेजप्रसाद उपाध्यायलाई मिति २०३७।९।३ देखि स्थानीय विकास मन्त्रालयको सह-सचिव पदमा सरुवा गरिएको छ ।

आज्ञाले–
मंगलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०३७।११।२० को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणी खाद्य तथा कृषि बजार सेवा विभागको शाखा अधिकृत श्री कृष्णबहादुर कार्की क्षेत्रीलाई निर्माण तथा यातायात मन्त्रालय वा अन्तर्गत कार्यालयको राजपत्रांकित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ ।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

## सूचना

श्री ५ को सरकारले मिति २०३७।१२।२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणी, सर्लाही भन्सार कार्यालयको भन्सार अधिकृत श्री ऋषिराज मिश्रलाई सञ्चार मन्त्रालय वा अन्तर्गत कार्यालयको राजपत्रांकित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ ।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।